# रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, परासी, नवलरासी (ब.सु.प)
**प्रदेश नं. ५, नेपाल**

शिक्षण सिकाई सहयोग अनुदान कोटामा शिक्षक पदपुर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन :

(दोश्रो पटक प्रकाशितमिति २०७६।६।३०)

रामग्राम नगरपालिका भित्रका तपसिलका सामुदायिक विद्यालयमा यस न.पा.द्धारा सृजित **शिक्षण सिकाई सहयोग अनुदान कोटा/स्रोतव्यक्तिको सट्टा पद**मा खुला प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमद्धारा पदपुर्ति गर्नका लागि योग्य उम्मेद्‌वारहरुले तोकिएको दरखास्त फाराम भरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस न.पा.को शिक्षा शाखामा पेश गर्नु हुन यो विज्ञापन प्रकाशित गरिएको छ ।

**१) पदपुर्तिगर्ने कोटाको विवरणः**

| क्र.स | विज्ञापन नं. | तह | विषय | पदपुर्ति गर्नुपर्ने संख्या | पदपुर्ति गरिने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०२/०७६/७७ | निम्नमाध्यमिक | गणित | २ | जनतानि. मा. वि. प्रसावल , ज्ञानज्योती आधारभुत विद्यालय धरमपुर , | अनुदान कोटा |
| २ | २०३/०७६/७७ | निम्नमाध्यमिक | विज्ञान | ३ | उत्तम बालहितमा.वि. उजैनी, सरस्वतीमा.वि. शान्तिचौर र जनतामा.वि. देवगाव | अनुदान कोटा |
| ३ | ३०१/०७६/७७ | माध्यमिक | अंग्रेजी | १ | उत्तम बालहितमा.वि. उजैनी , | अनुदान कोटा |
| ४ | ३०२/०७६/७७ | माध्यमिक | गणित | ३ | जनतामा.वि. देवगाव, राष्ट्रिय मा.वि. करमैनी र राष्ट्रिय मा.वि. पण्डितपुर । | अनुदान कोटा |
| ५ | ३०३/०७६/७७ | माध्यमिक | विज्ञान | १ | जनतामा.वि. लक्ष्मिपुर । | अनुदान कोटा |
| ६ | ३०४/०७६/७७ (प्रथम पटक प्रकाशित_ | माध्यमिक | विज्ञान | १ | पवनमा.वि. परासी । | स्रोत व्यक्तिको सट्टा पद |

**२) उम्मेद्धवारमा हुनु पर्ने आवश्यक न्युनतम शैक्षिक योग्यताः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट,नि.मा.वि.तहका लागि सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्रतह र माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक तह उर्त्तीण गरेको हुनुपर्ने ।

ख) नेपाली नागरिक ।

ग) दरखास्त बुझाउने अन्तिम मिति**२०७६ कार्तिक १४**गते सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

घ) स्रोत व्यक्तिको सट्टा शिक्षक पदमा स्थायी अध्यापन अनुमतिपत्र अनिवार्य रुपमा हुनुपर्नेछ । अन्य विज्ञापनका हकमा सम्बन्धित तहको १० महिने वा सो सरहको तालिम लिएको र स्थायी अध्यापन अनुमतीपत्र भएकालाई प्राथमिकता दिइने छ ।

**३) उम्मेदवारले अनिवार्य रुपले पेश गर्नुपर्ने कागजातहरु :**

क) तोकिएको दरखास्त फाराम

ख) परीक्षा दस्तुर वापतको रकम रामग्राम नगर शिक्षा समितिको रा.व.बैंक परासीमा रहेको च.हि.नं. ३१८५ मा १ (एक) विज्ञापनका लागि, नि.मा.वि.तहको रु १५००।- र मा.वि.तहको रु.२०००।- जम्मा गरेको सककलभौचर ।

ग) उम्मेद्धवार हुनको लागि तोकिएको कागजातहरु (बुदा २ अनुसार)

घ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाण पत्र ।

४) परीक्षाको किसिम:लिखित र अन्तरवार्ता

५) दरखास्त फारम पेश गर्ने अन्तिममितिः २०७६/७/१४गते सम्म

६) तलब स्केल:शिक्षण सिकाई अनुदान कोटा तर्फ निम्न माध्यमिक तहको रु १४५००।- ,माध्यमिकतहको मासिक रु १९०००।- र स्रोत व्यक्तिको सट्टा शिक्षकको मासिक रु.३५०००।

७) सम्पर्क मितिः- २०७६/७/१७गते

८) लिखित परीक्षा र अन्तरवार्ताको मिति, स्थान र समय सम्पर्क मितिको दिनतोकिने छ ।

**९) विज्ञापन सम्बन्धीथपजानकारीः-**

क) कुनै पनिशर्त राखि दरखास्त स्वीकृत गरीने छैन ।

ख) लिखित परीक्षाको पाठ्यक्रम, प्रश्न ढाचाँ शिक्षक सेवाआयोगको सम्बन्धीततह / विषयको पाठ्यक्रमानुसार नै हुनेछ ।

ग) परीक्षाको नतीजा योग्यताक्रमानुसार प्रकाशनगरिने छ । माथिल्लो योग्यताक्रमानुसारका उम्मेदवारले क्रमशः रोजेअनुसार पद पुर्ति गरिने विद्यालयतोकिने छ ।

घ) उम्मेद्वारहरु यस विज्ञापनमा उल्लेख भएका कुराहरुको अतिरिक्त शिक्षण सिकाई सहयोग अनुदान कोटामा शिक्षक नियुक्ती सम्बन्धी कार्यविधि २०७६ को दफा ७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ । अन्य कुराहरु पनि सोही कार्य विधिमा उल्लेख भएबमोजिमहुनेछ ।

**नोट : दरखास्तफारामwww.ramgrammun.gov.np मा हेर्न र डाउनलोड गर्न सक्नुहुने छ ।यस विज्ञापन सम्वन्धी विस्तृत जानकारीका लागीयस न.पा. मा सम्पर्क गर्न सक्नुहुने छ ।**